सक्कलै बैक भौचर साथै बोलपत्रदाताले आफनो नेपाली नागिरकताको प्रतिलिपी र फर्मको हकमा प्यान दर्ता प्रमाण पत्र समेतको प्रतिलिपी पेश गर्नु पर्नेछ ।

५.बोलपत्र दाताले फारम भर्दा आफुले कवोल गरेको ठेक्का रकम अंक र अक्षरमा स्पष्ट रुपमा लेखी खामबन्दी गरी शिल लाह छाप लगाइ खामको माथि आफनो नाम ठेगाना र ठेक्का न. लेखी बोलपत्र फारम दर्ता गराउनु पर्नेछ ।

६.बोलपत्र फारममा भरेको रकमको अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाइ मान्यता दिइनेछ ।

७.बोलपत्र खरिद गर्ने तथा दर्ता गराउने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा उक्त कार्य भोली पल्ट कार्यालय खुलेको दिनमा गरिने छ ।

८. न्युनतम ठेक्का रकम भन्दा सबै भन्दा बढि ठेक्का रकम कबोल गर्ने बोलपत्र दाताको बोलपत्र स्वीकृत गरिनेछ ।

९. बोलपत्र स्वीकृत पश्चात पत्र बुझेको ७ दिन भित्र सम्झौता गर्न नआएमा ५ प्रतिशत राखेको धरौटी जफत हुने छ ।

१०. ठेक्का सम्झौताको समयमा ठेकेदारले पहिलो किस्ता वापत कवोल अकको ४० प्रतिशत रकम यस कार्यालयको नेपाल बैंक ली. गौशाला स्थित रहेको सचित कोष खाता न.०९४०३०००००००००४००१००३ मुलकोष खातामा जम्मा गरेको सक्कल भौचर र बाकी २ किस्ता रकम वापतको २०७६ माघ मसान्त सम्म र तेसो किस्ता चैत मसान्त जम्मा गर्नुपर्नेछ ।

११.ठेकेदारले ठेक्का सम्झौता गर्न आउँदा नेपाल राष्ट बैंकबाट मान्यता प्राप्त बैकको असार मसान्तसम्म म्याद भएको बैंक ग्यारेन्टी पेश गर्नु पर्नेछ ।

१२.ठेक्काको अवधि सम्झौता भएको मिति देखी २०७६ जेष्ठ मसान्त सम्मको रहनेछ ।

१३.ठेक्का सम्झौता भै सकेपछि बन्द हडताल वा कुनै कारण देखाइ ठेक्का रकममा कुनै प्रकारको छुट र मिनाहा माफि दिइने छैन ।

१४.ठेकेदारले सम्झौताको समयमा कबोल गरेको ठेक्का अंकको सम्पुर्ण रकम एक मुष्ट बुझाएमा ५ प्रतिशत सम्म स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १७० बमोजिम छुट दिन सक्नेछ ।

१५. बालुवा, ढुंगा, गिटी, रोडा र ग्राभेलको बिक्री कर प्रति क्यु.वि.फिट ३ रुपैयाका दरले लिनपाउने छ ।

१६. यस कार्यालयले निर्धारण गरेको दर रेट भन्दा बढी असुल गरेमा नियमानुसार कारवाही भइ ठेक्का रद समेत गर्न सक्ने छ ।

१७. ठेकेदारले ठेक्का भोग चलन गर्दा यस कार्यालयको निर्देशन र सम्झौतामा उल्लेखित शर्त बमोजिम काम गर्नुपर्ने छ ।

१८.बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस नगरपालिकामा निहित रहनेछ ।

१९. केरमेट भएको सहि छाप नभएको म्याद नाघि दर्ता हुन आएको बोलपत्र स्वीकृत गरिने छैन ।

२०.बोलपत्र दाता तथा नगरपालिका बिच कुनै किसिमको मत भिन्नता भएमा नगरपालिकाको निर्णयलाईअन्तिम निर्णय मानिनेछ ।

२१.यस सुचनामा उल्लेख भएका कुराहरु यसै अनुसार र नभएको कुराको हकमा नेपालको प्रचलित कानुन बमोजिम हुनेछ ।

२२. नदि वा खोला उत्खन्न तथा सँकलन गर्न हेभि इकुमेन्ट प्रयोग गर्न पाइने छैन ।